# संविधानसभाको कार्यतालिका

(संविधानसभा नियमावली, २०६५ को नियम १४९ संग सम्बन्धित)

| क्र.सं | मुख्य गतिबिधि | कार्य अवधी | संवैधानिक समितिले गर्ने कार्य | विवाद समाधान उपसमितिले गर्ने | समानान्तर गतिविधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | राज्यको पुनर्संरचनासँग सम्बन्धित विषय बाहेकका अन्य टुंगो लाग्न बाँकी सबै विषयमा सहमति कायम गर्ने । | **३ हप्ता**<br>२०६८ साल पौष १५ गते सम्म । | | राज्यको पुनर्संरचना बाहेकका अन्य टुंगो लाग्न बाँकी सबै विषयमा सहमति कायम गरी संवैधानिक समितिमा प्रतिवेदन पेश गर्ने । | विवाद समाधान उपसमितिबाट सहमति कायम गन। सहमति कायम भएका विषयको प्रतिवेदन उपसमितिले संवैधानिक समितिमा पेश गर्दे जाने, र विवाद समाधान उपसमितिको प्रतिवेदनमाथि संवैधानिक समितिले छलफल गरी निर्णय गर्ने काम मंसिर २१ गते देखि नै समानान्तर रुपमा हुने । | |
| २. | विवाद समाधान उपसमितिले दिएको प्रतिवेदनमाथि संवैधानिक समितिले छलफल गरी निर्णय गर्ने । | २०६८ साल पौष २० गते सम्म । | विवाद समाधान उपसमितिले सहमति कायम गरी दिएको प्रतिवेदनमाथि छलफल गरी विषयवस्तुबारे निर्णय गर्ने । | | सहमति भएका विषयहरुलाई संवैधानिक समितिले पहिलो मस्यौदामा समावेश गर्दै जाने । | |
| ३. | विवाद समाधान उपसमिति वा संवैधानिक समितिमा थप छलफलबाट टुंगो लाग्न नसकी बाँकी रहेका कुनै विषय भए संवैधानिक समितिका सभापतिले संविधानसभाका अध्यक्षको अनुमति लिएर निर्णयार्थ संविधानसभामा पेश गर्ने र संविधानसभाले निर्णय गरी संवैधानिक समितिमा पठाउने । | **५ दिन**<br>२०६८ साल पौष २१ गते देखि २५ गते सम्म । | सहमति भएका विषयहरुलाई संवैधानिक समितिले पहिलो मस्यौदामा समावेश गर्दै जाने । | | | कुनै विषयमा सहमति हुन नसकेको अवस्थामा मात्र संविधान सभाले निर्णय गर्ने । |
| ४. | राज्यको पुनर्संरचनासँग सम्बन्धित विषय बाहेकका अन्य सबै विषयको पहिलो मस्यौदा तयार गर्ने । | **३ हप्ता**<br>२०६८ साल पौष २६ गते देखि माघ १५ गते सम्म । | राज्यको पुनर्संरचनासँग सम्बन्धित विषय बाहेकका अन्य सबै विषयको पहिलो मस्यौदा तयार गरी संवैधानिक समितिमा छलफल गर्ने । | | | |
| ५. | नेपाल सरकारद्वारा गठित राज्यको पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगलाई दुई महिनाको कार्यावधि पूर्व निर्धारित गरिएकोले सो आयोगले नेपाल सरकारसमक्ष पेश गर्ने प्रतिवेदन नेपाल सरकारले संविधानसभाका अध्यक्षसमक्ष पेश गर्ने । | २०६८ साल माघ १५ गते सम्म | संवैधानिक समितिले पहिलो मस्यौदामाथि छलफल गर्ने कार्यलाई निरन्तरता दिन सक्ने । | | | |
| ६. | राज्यको पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगको सुझाव समेतको आधारमा राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनलाई अन्तिम रुप प्रदान गर्ने । | **२ हप्ता**<br>२०६८ साल माघ १६ गते देखि मसान्त भित्र | | राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनसँग सम्बन्धित विवादहरुमा सहमति कायम गर्ने । | | आयोगको प्रतिवेदन संविधानसभाले प्राप्त गरेको मितिले १५ दिन भित्र । |
| ७. | संवैधानिक समितिले राज्यको पुनर्संरचनासँग सम्बन्धित विषयसमेत समेटेर संविधानको पहिलो मस्यौदा तयार गर्ने । | **२ हप्ता**<br><br>२०६८ साल फागुन १ गते देखि १५ गतेसम्म । | राज्यको पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगको सुझावमाथि संविधानसभाले दिने निर्देशन बमोजिम पहिलो मस्यौदालाई अन्तिम रुप प्रदान गर्ने । | | | |

| क्र.सं | मुख्य गतिबिधि | कार्य अवधी | संवैधानिक समितिले गर्ने कार्य | विवाद समाधान उपसमितिले गर्ने | समानान्तर गतिविधि | कैफियत |
|---|---|---|---|---|---|---|
| ८. | संवैधानिक समितिका सभापतिले संविधानसभाका अध्यक्षलाई सूचना दिई पहिलो मस्यौदा संविधानसभामा पेश गर्ने । | २०६८ फागुन १५ गते | | | जनमत संकलन र समन्वय समितिले संविधानको पहिलो मस्यौदा माथि जनताको राय सुझाव लिने कार्ययोजना तयार गर्न शुरु गर्ने । | |
| ९. | (क) पहिलो मस्यौदामाथि सभामा सैद्धान्तिक छलफल गर्ने, संविधानको पहिलो मस्यौदा लाई अन्तिम रुप दिई जनताको राय प्रतिक्रियाको लागि नेपाल राजपत्रमा प्रकाशन गर्ने<br>(ख) जनमत संकलन र समन्वय समितिले तयार गरेको कार्ययोजना सभामा पेश गरी अनुमोदन गर्ने । | **१ हप्ता**<br>२०६८ फागुन १५ देखि २२ सम्म | संवैधानिक समितिले मस्यौदालाई अन्तिम रुप प्रदान गर्ने । | | पूर्ण बैठकमा दलीय आधार मा छलफल हुने, संविधानको पहिलो मस्यौदामा परिमार्जन नगरी नहुने कुनै विषय भए सो सम्बन्धमा संवैधानिक समितिलाई सुझाव सहित निर्देशन दिन सक्ने । | |
| १०. | जनमत संकलन र समन्वय समितिले संविधानको पहिलो मस्यौदा आम जनताको राय सुझावको लागि प्रचार प्रसार गर्ने र आएका सुझाव ग्रहण गर्ने, | **३ हप्ता**<br>२०६८ फागुन २३ देखि चैत्र १५ गतेसम्म । | | | यो कार्यको अगुवाई जनमत संकलन र समन्वय समितिले गर्ने । समितिले निर्माण गरेको कार्ययोजना अनुसार संविधानसभाका सबै समिति र माननीय सदस्यहरु यसकार्यमा क्रियाशिल रहने । | |
| ११. | जनमत संकलन र समन्वय समितिले जनताको राय सुझाव सम्बन्धी विस्तृत प्रतिवेदन तयार गरी सभामा पेश गर्ने, उक्त प्रतिवेदनमाथि पूर्ण बैठकमा छलफल गर्ने र जनताको राय बमोजिम परिमार्जन गर्न सुझाव र निर्देशन सहित सभाले संवैधानिक समितिमा पठाउने । | **२ हप्ता**<br>२०६८ चैत्र १६ देखि चैत्र मसान्तसम्म । | | | जनमत संकलन र समन्वय समितिले जनताको सुझाव सम्बन्धी प्रतिवेदन तयार गर्ने । | |
| १२. | संविधानसभाको निर्देशन बमोजिम संवेधानिक समितिले मस्यौदा परिमार्जन गरी संविधानको विधेयक तयार गर्ने र संविधानसभामा पेश गर्ने । | **२ हप्ता**<br>२०६९ वैशाख १ गते देखि ७ गते सम्म । | संवैधानिक समितिले मस्यौदालाई अन्तिम रुप प्रदान गरी संविधानको विधेयक तयार गर्ने । | | | |
| १३. | संविधानको विधेयक संविधानसभाका माननीय सदस्यहरुलाई वितरण गर्ने, माननीय सदस्यहरुबाट संशोधन पेश गर्ने, संशोधन सहित सभामा धारागत छलफल गर्ने, सर्वसम्मति हुन नसकेका विषयमा संविधानसभामा प्रतिनिधित्व गर्ने सबै दलका संसदीय दलका नेताहरुले सहमतिको प्रयास गर्ने र प्रस्तावना सहित प्रत्येक धारा पारित गर्ने । | **४ हप्ता**<br>२०६९ वैशाख ८ गते देखि ज्येष्ठ ७ गते सम्म । | | | सभामा दफावार छलफलको क्रममा सर्व सम्मति हुन नसकेका विषयहरुमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ७० बमोजिम सबै संसदीय दलका नेताहरु बसेर टुंगो लगाउने कार्य समेत समानान्तर रुपमा हुदै जाने । | |
| १४. | पारित संविधानको प्रमाणिकरण प्रति तयार गरी संविधानसभाका सबै माननीय सदस्यहरुले हस्ताक्षर गर्ने, अध्यक्षले प्रमाणिकरण गर्ने र पारित संविधान राष्ट्रपति समक्ष पेश गर्ने । | **१ हप्ता**<br>२०६९ ज्येष्ठ ८ गते देखि ज्येष्ठ १४ गते भित्र । | | | | |

**द्रष्टव्यः संविधानसभाले मिति २०६५।८।१ मा पारित गरी समय समयमा हेरफेर गरेको संविधानसभाको कार्यतालिका खारेज गरिएको छ ।**